आज मिति २०८१ साल कार्तिक ७ गते बुधवारका दिन विहान ८ :०० बजे गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिं के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को पाँचौं बैठक बसी तपसिलको उपस्थितिमा देहायको निर्णय पारित गरियो।

तपसिल

| क.सं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जमान सिं के.सी. | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | उपाध्यक्ष | |
| ३ | श्री कर्म प्रसाद चौधरी | १ नं वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण थारु | २ नं वडा अध्यक्ष | |
| ५ | श्री निर्मल चौधरी | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री महेन्द्र प्रसाद चौधरी | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री धर्म प्रकाश थारु | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण गोपाल चौधरी | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री हिरा चौधरी | कार्यपालिका सदस्य | |
| १० | श्री ईश्वर बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११ | श्री दुर्गा कुमारी छिनाल | कार्यपालिका सदस्य | |
| १२ | श्री श्यामपति चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री लक्ष्मी सोनाहा | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम कुमारी लोहार्नी | कार्यपालिका सदस्य | |
| १५ | श्री नर बहादुर चन्द | सदस्य सचिव | |

| सहजिकरण गर्ने | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

गेरुवा गाउँपालिकाको आ208.व.१/०८२ को पाँचौं कार्यपालिका बैठकको कार्यसूची

मिति : २०८१/७/०७ समय : विहान ८ 00ःबजे

बैठकका प्रस्ताव-ः

१. जग्गा बर्गिकरणको लागत अनुमान र कार्यशर्त विवरण स्वीकृत गर्ने सम्बन्धमा ।

२. कार्यविधि सम्बन्धमा ।

३. स्थानीय संकट व्यवस्थापन समिति गठन सम्बन्धमा ।

४. गेरुवा गोल्ड कप फुटवल प्रतियोगीता सम्बन्धमा ।

५. चारपाँग्रे सवारी साधन खरिदमा रकम थप गर्ने सम्बन्धमा ।

६. खोल्टीबजार खेलग्राममा खानेपानी मर्मत तथा मञ्च मर्मत कार्य सम्बन्धमा ।

७. प्रतिक्षालय निर्माण सम्बन्धमा ।

८. नि : शुल्क रगत उपलब्ध गराए वापतको रकम सम्बन्धमा ।

९. ट्राइसाइकल खरिद सम्बन्धमा ।

१०. हलुका सवारी चालक करार सेवामा लिने सम्बन्धमा ।

११. सडक बोर्ड नेपालको विनियोजित बजेट र गाउँपालिकाको लागत साझेदारीमा सडक मर्मत सम्भार योजना संचालन गर्ने सम्बन्धमा ।

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को पाँचौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/७/०७ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं१ :**

| |
|---|
| **प्रस्तावको विषय** : जग्गा बर्गिकरणको लागत अनुमान र कार्यशर्त विवरण सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय** :गेरुवा गाउँपालिका अन्तर्गतका जग्गाहरुको भू उपयोग ऐन २०७६ र नियमावली २०७९ बमोजिम बर्गिरकरण गर्न तयार भएको लागत अनुमान र कार्यशर्त विवरण स्वीकृत गर्ने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिका अन्तर्गतका जग्गाहरुको भू उपयोग ऐन २०७६ र नियमावली २०७९ बमोजिम बर्गिकरण गर्न परामर्श सेवा खरिदको लागी यस गाउँपालिकाले तयार गरेको रु. १४९६७८६।७० (अक्षरेपी : चौधलाख छियानब्बे हजार सातसय छियासी र पैसा सत्तरी मात्र) को लागत अनुमान र उक्त कार्यको कार्यशर्त विवरण स्वीकृत गरी उक्त कार्य शिघ्र आरम्भ गर्न गेरुवा गाउँ कार्यपालिका कार्यालय लाई निर्देशन गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :२**

| |
|---|
| **प्रस्तावको विषय** : कार्यविधी सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय** : गाउँकार्यपालिका बैठकमा पेश हुन आएका कार्यविधीहरु पारित गर्ने । |
| **भएको निर्णय** : यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा खानेपानी, सरसफाई र स्वच्छता व्यवस्थापन गर्न तथा यस गाउँपालिका अन्तर्गतका मुक्त कमैयाहरुको लगत संकलन, पहिचान, अभिलेखीकरण, हक अधिकारहरुको संरक्षण र उचित व्यवस्थापनको लागी यस गाउँपालिकाको विधायन समितिमा छलफल भई गाउँकार्यपालिका बैठकमा पेश हुन आएका तपशिलका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो।<br>तपशिल<br>क) विद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यविधि, २०८१<br>ख) मुक्त कमैया पुनर्स्थापना कार्यविधि, २०८१ |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br><br><u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथरनर बहादुर चन्द :<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति :२०८१/७/०७ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को पाँचौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/७/०७ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :३**

**प्रस्तावको विषय** : स्थानीय संकट व्यवस्थापन समिति गठन सम्बन्धमा।

**निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन :

**निर्णय हुनु पर्ने विषय** :गाउँपालिका स्तरिय संकट व्यवस्थापन समिति गठन गर्ने ।

**भएको निर्णय** : स्वास्थ्य संकट व्यवस्थापन केन्द्रको सिंहदरबार, काठमाण्डौको मिति २०८१/१२/०४ च.नं. १८ को पत्र बाट नेपाल सरकारले जारी गरेको **स्वास्थ्य संकट समन्वय नर्देशिका २०८०** बमोजिम सबै स्थानीय तहमा स्थानीय संकट व्यवस्थापन समिति गठन गर्न अनुरोध भई आएकोले सोही निर्देशिकाको दफा १० बमोजिम तपशिल बमोजिमको गाउँपालिका स्तरिय संकट व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| घ) वडा अध्यक्षहरु ६ वटै | - सदस्य |
| ङ) नेपाल प्रहरीको स्थानीय प्रमुख | - सदस्य |
| च) नेपाली सेनाको स्थानीय प्रमुख | - सदस्य |
| छ) नेपाल रेडक्रस सोसाइटीको स्थानीय प्रमुख | - सदस्य |
| ज) स्थानीय राजनैतिक दलका प्रतिनिधी ज्यूहरु | - सदस्य |
| झ) स्थानीय पत्रकार ज्यूहरु | - सदस्य |
| ञ) स्थानीय उद्योग बाँणिज्य संघका प्रतिनिधी | - सदस्य |
| ट) वडघरहरु | - सदस्य |
| ठ) गेरुवा गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

प्रमाणिकरण गर्ने-:

नामथरनर बहादुर चन्द :

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति :२०८१/७/०७

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को पाँचौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/७/०७ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :४**

| |
|---|
| **प्रस्तावको विषय** : गेरुवा गोल्डकप सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा गोल्डकप संचालनको लागी सक्रिय युवा क्लब लाई सहयोग गर्ने । |
| **भएको निर्णय** : यस गाउँपालिकाका स्थित स्थानीय क्लब सक्रिय युवा क्लवको आयोजनामा यही मिति २०८१/७/८ गते देखी बर्दिया जिल्लाकै हाल सम्मको सबभन्दा ठूलो धनराशीको फुटवल खेलकुद प्रतयोगीता **गेरुवा गोल्डकप** संचालन हुन लागेकोले सो प्रतियोगिता संचालनको लागी यस गाउँपालिका संग सक्रिय युवा क्लवले सहयोग माग गरेको हुँदा उक्त खेलकुद प्रतियोगिता संचालन गर्न यस गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत युवा तथा खेलकुद कार्यक्रम शिर्षक (आन्तरिक श्रोत) बाट खर्च हुने गरी रु. १५००००।- (अक्षरेपी : एकलाख पचास हजार मात्र) सहयोग गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :५**

| |
|---|
| **प्रस्तावको विषय** : सवारी साधन खरिदमा रकम थप सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा गाउँपालिकाको लागी आवश्यक चारपाङ्ग्रे सवारी साधन खरिदको लागी अपुग रकम थप गर्ने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको लागी १ थान चारपाङ्ग्रे सवारी साधन खरिद गर्न विनियोजित शिर्षक नं. ६८५.२१.१.३२० मा विनियोजित रकम रु. ५०,००,०००।- (अक्षरेपी : पचास लाख मात्र) को सवारी साधन खरिद प्रकृयाकाको क्रममा रु. ५१०००००।- (अक्षरेपी : एकाउन्न लाख मात्र) को बोलपत्र पर्न आएकोले अपुग रकम रु. १००,०००।- (अक्षरेपी : एकलाख मात्र) आगामी गाउँसभा बाट अनुमोदन हुने गरी आन्तरिक श्रोत बाट थप गर्ने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br><br><u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथरनर बहादुर चन्द :<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति :२०८१/७/०७ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को पाँचौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/७/०७ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :६**

| |
|---|
| **प्रस्तावको विषय** : खेलग्राममा खानेपानी र खेलकुद मञ्च व्यवस्थापन सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय** : खोल्टीबाजर खेलग्राममा भएको खानेपानी र खेलकुद मञ्च मर्मत सम्भार गर्ने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिकाको स्वामित्वमा रहेको वडा नं. ४ खोल्टीबजार स्थित खेलग्राममा रहेको खानेपानीको धारा विग्रेको, पानी मोटर हराएको, खेलकुद भवन र शौचालयको झ्याल ढोकाका पल्लाहरु नभएको, खेलकुद मञ्चको रंगरोगन खुइलिएको हुँदा समयमै मर्मत सम्भार नभएमा अझ विग्रेर बढी खर्च लाग्ने अवस्था देखिएको र हालै सोही खेलग्राममा गेरुवा गोल्डकप नामक फुटबल खेलकुद प्रतियोगीताको समेत आयोजना हुन लागेकाले खेलकुद प्रतियोगीतामा भाग लिन आउने खेलाडी र खेल हेर्न आउने दर्शकहरु लाई समेत खानेपानी, शौचालय लगाएतको समस्या हुने देखिएको हुँदा उक्त खानेपानी तथा खेलकुद मञ्च मर्मत सम्भारको लागी स्टीमेट गराउँदा रु. ९७,७३९।८१ रकम खर्च लाग्ने देखिएकोले चालु आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत युवा तथा खेलकुद शिर्षक बाट खर्च हुने गरी खेलग्रामको खानेपानी, शौचालय र मञ्च मर्मत गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :७**

| |
|---|
| **प्रस्तावको विषय** : प्रतिक्षालय निर्माण सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय** : गेरुवा गाउँपालिका वडा नं. ३ लोहारपुरमा प्रतिक्षालय निर्माण गर्ने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिका वडा नं. ३ लोहारपुरका बासिन्दाहरुले सामुदायिक प्रतिक्षालय निर्माणको लागी आम गाउँबासीहरुको भेलाको निर्णय र ३ नं. वडा कार्यालयको सिफारिस पत्र सहित यस गाउँपालिका संग प्रतिक्षालय निर्माणको लागी रकम माग गरेकोमा यस गाउँपालिका बाट प्रतिक्षालय निर्माणको लागी प्राविधिक खटाई स्टीमेट गर्दा रु. ५२७६९।- रकम खर्च लाग्ने देखिएकोले आगामी गाउँसभा बाट अनुमोदन हुने गरी यस गाउँपालिकाको आन्तरिक श्रोत बाट उक्त रकम खर्च गर्ने गरी उपभोक्ता समिति मार्फत प्रतिक्षालय निर्माण गर्ने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br>प्रमाणिकरण गर्ने-:<br><br>नामथरनर बहादुर चन्द :<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति :२०८१/७/०७ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को पाँचौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/७/०७ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :८**

| |
|---|
| **प्रस्तावको विषय** : नि : शुल्क रगत उपलब्ध गराए वापतको रकम सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु** स्थानीय सरकार सञ्चालन :ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** रेडक्रस सोसाइटी टीकापुर शाखा बाट विरामीहरु लाई नि : शुल्क उपलब्ध गराएको रकम भुक्तानी गर्ने । |
| **भएको निर्णय** : नेपाल रेडक्रस सोसाइटी टीकापुर उपशाखाको मिति २०८१/४/३ च.नं. ०१/२०८१/०८२ को पत्रानुसार उक्त शाखाले आफ्नो सेवा क्षेत्रका अति विपन्न, आर्थिक अवस्था कमजोर भएका विरामीहरु लाई नि : शुल्क रगत उपलब्ध गराउँदै आएको र सो वापत प्रतिपिन्ट रु. ११५०।- (अक्षरेपी : एकहजार एकसय पचास मात्र) सम्बन्धित गाउँपालिका र नगरपालिकाले रकम भुक्तानी गर्ने गरेको र सोही बमोजिम यस गाउँपालिका बाट पनि कार्यान्वय गर्न अनुरोध गरेको हुँदा यस गाउँपालिका बाट पनि टीकापुरमा विरामीहरु उपचारको लागी जाने गरेकोले टीकापुर उपचारको लागी गएका विरामीहरु लाई रेडक्रस सोसाइटी टीकापुर उपशाखा बाट नि : शुल्क रगत उपलब्ध भएमा यस गाउँपालिकाको विपद् व्यवस्थापन कोष बाट खर्च हुने गरी रगतको वील बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br>प्रमाणिकरण गर्ने-:<br><br>नामथरनर बहादुर चन्द :<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८१/७/०७ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को पाँचौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति :२०८१/७/०७ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता.सी.जमान सिं के :

**प्रस्ताव नं :९**

| |
|---|
| **प्रस्तावको विषय** : ट्राइसाइकल खरिद सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु**१७ को दफा 2074 स्थानीय सरकार सञ्चालन ऐन : |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा ५ झबहीका अपाङ्गता भएका मोतिकला शाही लाई १ थान ट्राइसाइकल खरिद गरी हस्तान्तरण गर्ने । |
| **भएको निर्णय** : गेरुवा गाउँपालिका वडा नं. ५ झबही बस्ने मोतिकला शाही शारिरीक रुपले अपाङ्ग भएकोले निजको शारिरीक अवस्था अनुसार निज ट्राइसाइकल चलाउन सक्ने भएको हुँदा गेरुवा गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **अपाङ्गता भएका व्यक्तिहरु लाई सहायता सामग्री खरिद तथा वितरण र सरोकारवाल संग अन्तरक्रिया कार्यक्रम** शिर्षकमा विनियोजित रकम रु. १५००००।- मध्ये बाट १ थान ट्राइसाइकल खरिद गरी निज लाई हस्तान्तरण गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :१०**

| |
|---|
| **प्रस्तावको विषय** : हलुका सवारी चालक करार सेवामा लिने सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु** स्थानीय :सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा गाउँपालिकाको लागी हालै खरिद भएको १ थान हलुका सवारी साधन चलाउन एक जना हलुका सवारी चालक कर्मचारी कारार सेवामा लिने । |
| **भएको निर्णय** : गेरुवा गाउँपालिकाको दरबन्दी संरचनामा हलुका सवारी चालकको दरबन्दी २ मात्र भएको र हालै खरिद भएको १ थान स्कारपियो पिकअप सहित हलुका सवारी साधनको संख्या ४ थान भई हलुका सवारी चालक अपुग भएकोले आगामी गाउँसभा बाट हलुका सवारी चालकको दरबन्दी थप गर्ने गरी तत्काल १ जना हलुका सवारी चालक कर्मचारी कारार सेवामा लिन गाउँ कार्यपालिका कार्यालय लाई निर्देशन दिने गर्ने निर्णय गरियो । |
| **स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**<br>प्रमाणिकरण गर्ने-:<br><br>नामथरनर बहादुर चन्द :<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति :२०८१/७/०७ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को पाँचौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :१/७/७ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :११**

**प्रस्तावको विषय** : सडक बोर्ड नेपालको विनियोजित बजेट र गाउँपालिकाको लागत साझेदारीमा सडक मर्मत सम्भार योजना संचालन गर्ने सम्बन्धमा ।

**निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074

**निर्णय हुनु पर्ने विषय :** आ.व. २०८१/०८२ मा सडक बोर्ड बाट प्राप्त रकम र यस गाउँपालिकाको लागत साझेदारीमा संचालन गरिने स्थानीय सडक मर्मत सम्भार कार्यक्रम/योजना स्वीकृत गरी सहमतिको लागी पेश गर्ने ।

**भएको निर्णय** : यस गेरुवा गाउँपालिका लाई आ.व. २०८१/०८२ मा सडक बोर्ड नेपाल बाट स्थानीय सडक मर्मत सम्भार कार्यक्रम/योजनाको लागी स्वीकृत रकम रु. १९ लाख र यस गाउँपालिका बाट विनियोजित रु. १० लाख रकममा अपुग हुने रकम रु ११ लाख **अन्य म्याचिङ्ग कोष** शिर्षक बाट रकम थप गरी कुल लागत रु. ४००००००।- को तपशिलको सडक मर्मत सम्भार योजना संचालन गर्न कार्यक्रम स्वीकृत गरी सहमतिको लागी सडकबोर्ड नेपालमा पठाउने निर्णय गरियो ।

तपशिल

| क.सं. | योजनाको नाम, ठेगाना | सडक बोर्ड बाट प्राप्त रकम | आ.व. २०८१/०८२ मा विनियोजित गाउँपालिकाको समपुरक रकम थप | आ.व. २०८१/०८२ को अन्य म्याचिङ्ग कोष शिर्षक बाट थप हुने समपुरक रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | गेरुवा गाउँपालिका वडा नं. १ को ओखरिया इन्टेक देखी गौशाला सम्म, वडा नं. २ को कन्चहान धनिरामको खेत देखी टीकुलीगढ प्रतिक्षालय सम्म, वडा नं. ४ को खोल्टीबजार हरियोपुल देखी लोहटी टोल सम्म र वडा नं. ५ को भट्टराई राइस मिल देखी रिङ्गरोड जोड्ने बाटो मर्मत । | रु. १९०००००।- | रु. १००००००।- | रु. ११०००००।- | ४००००००।- |

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

<u>प्रमाणिकरण गर्ने-:</u>

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :१/७/७

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को पाँचौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णय:

बैठक मिति 208 :१/७/७ समय विहान :८:०० बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :१२**

**प्रस्तावको विषय** : सडक बोर्ड नेपालको विनियोजित बजेट र गाउँपालिकाको लागत साझेदारीमा सडक मर्मत सम्भार योजना संचालन गर्ने सम्बन्धमा ।

**निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074

**निर्णय हुनु पर्ने विषय :** आ.व. २०८१/०८२ मा सडक बोर्ड बाट प्राप्त रकम र यस गाउँपालिकाको लागत साझेदारीमा संचालन गरिने स्थानीय सडक मर्मत सम्भार कार्यक्रम/योजना स्वीकृत गरी सहमतिको लागी पेश गर्ने ।

**भएको निर्णय** : यस गेरुवा गाउँपालिका लाई आ.व. २०८१/०८२ मा सडक बोर्ड नेपाल बाट स्थानीय सडक मर्मत सम्भार कार्यक्रम/योजनाको लागी स्वीकृत रकम रु. १९ लाख र यस गाउँपालिका बाट विनियोजित रु. १० लाख रकममा अपुग हुने रकम रु ११ लाख **अन्य म्याचिङ्ग कोष** शिर्षक बाट रकम थप गरी कुल लागत रु. ४००००००।- को तपशिलको सडक मर्मत सम्भार योजना संचालन गर्न कार्यक्रम स्वीकृत गरी सहमतिको लागी सडकबोर्ड नेपालमा पठाउने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | योजनाको नाम, ठेगाना | सडक बोर्ड बाट प्राप्त रकम | आ.व. २०८१/०८२ मा विनियोजित गाउँपालिकाको समपुरक रकम थप | आ.व. २०८१/०८२ को अन्य म्याचिङ्ग कोष शिर्षक बाट थप हुने समपुरक रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | गेरुवा गाउँपालिका वडा नं. १ को ओखरिया इन्टेक देखी गौशाला सम्म, वडा नं. २ को कन्चहान धनिरामको खेत देखी टीकुलीगढ प्रतिक्षालय सम्म, वडा नं. ४ को खोल्टीबजार हरियोपुल देखी लोहटी टोल सम्म र वडा नं. ५ को भट्टराई राइस मिल देखी रिङ्गरोड जोड्ने बाटो मर्मत । | रु. १९०००००।- | रु. १००००००।- | रु. ११०००००।- | ४००००००।- |

**स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (**

<u>प्रमाणिकरण गर्ने-:</u>

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :१/७/७